का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० वैशाख २०८०,
बुधबार
3 May 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक



इपेपर हेर्न

वर्ष २१, अंक ९७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




**एसिया कपको यात्रा**

# नेपालले लिएको उचाइ

एकपछि अर्को सनसनीपूर्ण जित निकाल्दै उच्च लयमा रहेको नेपालले घरेलु मैदान कीर्तिपुरमा एसीसी प्रिमियर लिगको विजेता हुँदै एसिया कपमा स्थान बनाएको छ । एसिया कपमा टेष्ट राष्ट्र भारत र पाकिस्तानसँग खेल्ने अवसर नेपाली क्रिकेटका लागि ऐतिहासिक उपलब्धि समेत हो ।

**देवानन्द झा/मध्यान्ह**
काठमाडौं, १९ वैशाख

नेपालले २१ वर्षपछि एसिया कपमा स्थान बनाएको छ। घरेलु मैदानमा भएको एसीसी प्रिमियर कपको विजेता हुँदै नेपालले २१ वर्षपछि एसिया कपमा स्थान बनाएको हो । मंगलबार कीर्तिपुरस्थित टीयु क्रिकेट मैदानमा भएको फाइनल खेलमा यूएईलाई पराजित गरेसँगै नेपाल एसिया कपमा छनोट भएको हो । योसँगै विश्व क्रिकेटका शक्तिशाली राष्ट्र भारत र पाकिस्तानसँग खेल्ने नेपालको सपना पूरा भएको छ ।

आगामी सेप्टेम्बरमा पाकिस्तानमा एसिया कप आयोजना हुँदैछ। एसिया कपमा सहभागिता जनाउने ६ राष्ट्रलाई दुई वटा समूहमा विभाजन गरिएको छ। जसअन्तर्गत समूह 'ए'मा भारत, पाकिस्तान र नेपाल रहेका छन् भने समूह 'बी'मा श्रीलंका, बंगलादेश र अफगानिस्तान रहेका छन् ।

एसिया कपमा स्थान बनाउँदा नेपालले यूएईलाई ७ विकेटले पराजित गऱ्यो। यूएईले दिएको एक सय १८ रनको लक्ष्य नेपालले ३०.१ ओभरमा ३ विकेटको क्षतिमा पूरा गऱ्यो। बलिङमा उत्कृष्ट >>> पृष्ठ २ मा




# कोइरीको सांसद पद जोगाउन निलम्बन

निरन्तर २१ वटा बैठकसम्म अनुपस्थित रहेका कोइरीको अनुपस्थितिको सूचना संसदले अस्वीकृत गरेको भए सांसद पद रहने थिएन । त्यसकारण अनुपस्थितिको सूचना स्वीकृत वा अस्वीकृतको प्रक्रियामा नलगी निलम्बन गरिएको छ ।

**बिकास लम्साल/मध्यान्ह**
काठमाडौं, १९ वैशाख

नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरी निलम्बनमा परेका छन्। मंगलबार सभामुख देवराज घिमिरेले कोइरीलाई निलम्बन गरेका हुन् । संघीय संसद सचिवालयका महासचिव भरतराज गौतमका अनुसार नेपाल प्रहरीले कोइरी फरार अभियुक्त रहेको भन्दै दोस्रो पटक पनि पत्र पठाएपछि सभामुख घिमिरेले निलम्बन गरेका हुन् ।

२०७२ सालमा भएको मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरी बलका असई थमन बिक हत्याका आरोपित कोइरीलाई उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । तर उनी हालसम्म फरार छन् । फरारकै अवस्थामा ४ मंसिरको चुनावमा महोत्तरी-१ बाट निर्वाचित भएका थिए । त्यसपछि उनको संसदमा उपस्थितिलाई लिएर बारम्बार प्रश्न उठिरह्यो ।

वैशाख १५ गते अधिवेशनको अन्तिम दिन सभामुख घिमिरेले अस्वस्थ भएका कारण कोइरी निरन्तर २१ वटा बैठकसम्म अनुपस्थित रहेको सूचना प्रस्तुत गरे । त्यसपछि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतले कोइरीको अनुपस्थितिको सूचना



स्वीकृत गर्न नसकिने बताए । त्यसदिन संसदले कोइरीको अनुपस्थितिको सूचना अस्वीकृत गरेको भए सांसद पद रहने थिएन । त्यसकारण अनुपस्थितिको सूचना स्वीकृत वा अस्वीकृतको प्रक्रियामा नलगी निलम्बन गरिएको छ ।

बिना सूचना निरन्तर १० वटा संसद बैठकमा अनुपस्थित रहे सांसद पद खारेज हुने व्यवस्था संविधानले गरेको छ । सांसद पदको स्थानको रिक्तता सम्बन्धी व्यवस्था संविधानको धारा ८९ मा छ। 'निज (सांसद) सम्बन्धित सदनलाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा' स्थान रिक्तता सम्बन्धी व्यवस्था रहेको संविधानको धारा ८९ को (घ) मा उल्लेख छ ।

प्रतिनिधिसभा नियमावलीको परिच्छेद २४ मा संसद बैठकमा सांसदको अनुपस्थितिको सूचना, राजीनामा र स्थान रिक्तता सम्बन्धी व्यवस्था छ। नियमावली अनुसार कुनै सांसदले अस्वस्थ वा काबु बाहिरको परिस्थिति परि लगातार दशवटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा सभामुखलाई सूचना दिनुपर्ने हुन्छ । प्राप्त अनुपस्थितिको सूचना सभामुखले स्वीकृत गरेर सभाको बैठकमा प्रस्तुत गर्नुपर्छ ।

यहि प्रक्रिया अनुसार सभामुख घिमिरेले एमालेका सांसद कोइरीको अनुपस्थितिको सूचना सभामा प्रस्तुत >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**



## सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वरुप बदल्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख

प्रधानमन्त्री पुष्पकमल दाहालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वरूप बदल्ने बताएका छन् ।

देशभित्र आन्तरिक रोजगारी प्रवर्द्धन गरी ५ वर्षभित्र बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने उद्देश्यसहित आर्थिक वर्ष २०७५/०७६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम लागू गरिएको हो। कार्यक्रममा आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्मका चार आर्थिक वर्षमा १३ खर्ब २ करोड ४२ लाख खर्च भएको छ। कार्यक्रमले दुई लाख बेरोजगारलाई वार्षिक सय दिनको रोजगारी दिने लक्ष्य राखे पनि चार वटै आर्थिक वर्षमा त्यो लक्ष्य हासिल नभएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले देखाएको छ ।

महालेखाको प्रतिवेदनमा उक्त कार्यक्रममा आर्थिक वर्ष २०७५/०७६ मा १३ लाख ३३ हजार सूचीकृत भएकोमा १ लाख ७२ हजार २ सय ७० जनाले १३ दिन, आर्थिक वर्ष २०७६/०७७ मा ३ लाख ६९ हजार ३ सय १३ सूचीकृत भएकोमा १ लाख ५ हजार ६ सय २६ जनाले १६ दिन, आर्थिक वर्ष २०७७/०७८ मा ७ लाख ५२ हजार ४ सय ४९ सूचीकृत भएकोमा १ लाख ७९ हजार ४ सय ६९ जनाले ७७ दिन र आर्थिक वर्ष २०७८/०७९ मा ७ लाख ८ हजार २ सय ४५ सूचीकृत भएकोमा १ लाख ६३ हजार ७ सय ८ जनाले ७५ दिन रोजगारी पाएको उल्लेख छ ।

महालेखाको प्रतिवेदनमा औंल्याए झैं प्रधानमन्त्री प्रचण्डले पनि यस अगाडिका कार्यक्रममा >>> पृष्ठ २ मा

### कम्बोडिया पठाउने नाममा ठग्ने पक्राउ

**काठमाडौं/मस-** आकर्षक तलबसहित वैदेशिक रोजगारका लागि कम्बोडिया पठाइदिने प्रलोभन देखाएर ७ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। चितवन घर भई भक्तपुरको जगाते बस्ने राजु श्रेष्ठले मासिक १ लाख रुपैयाँ मासिक तलब हुने गरी सुरक्षागार्डमा कम्बोडिया पठाइदिन्छु भनी बिजु कार्कीसँग ७ लाख रुपैयाँ लिएर फरार रहेका थिए ।

श्रेष्ठविरुद्ध वैदेशिक रोजगार विभागमा ठगीको उजुरी परेपछि विभागको आग्रहमा उनलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनले जनाएको छ। श्रेष्ठलाई वैदेशिक रोजगार ऐन अन्तर्गत कारबाहीका लागि थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## निर्णय उल्ट्याउने हतियार बन्दै सामाजिक सञ्जाल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ वैशाख

गत वैशाख ६ गत श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि राष्ट्रपति रामचन्द्र पौडेल भारतको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेन (एम्स)मा पुगेका थिए । नेपालमा उपचार सम्भव हुँदा समेत महँगो शूल्क तिरेर एयर एम्बुलेन्सबाट भारत गएको भन्दै उनको चर्को आलोचना समेत भयो । त्यसैगरी झन्डै १० दिनको उपचारपछि स्वास्थ्यलाभ गरेर फर्किएका राष्ट्रपति पौडेलले राज्यकोषको दुरुपयोग गरेर उपचार खर्च लिएको भन्दै सामाजिक सञ्जालमा चर्को आलोचना भयो । सोही आलोचनापछि राष्ट्रपति पौडेल सरकारी रकमबाट उपचार गर्ने निर्णयबाट पछि हटेका हुन् । उनका प्रेस संयोजक खिला कार्कीले विज्ञप्ती जारी गर्दै भने -'उपचारमा भएको खर्च राष्ट्रपतिज्यू स्वयंले बेहोर्न चाहेको कुरा जानकारीका लागि अवगत गराईन्छ।' राष्ट्रपति पौडेलले लिएको निर्णय फिर्ता त प्रतिनिधि घटना मात्रै हो । गुठी विधेयक, गाडीभाडा बढाउने, विदेशबाट मोवाइल ल्याउँदा कर तिर्ने, रासायनिक मलमा दिएको अनुदान घटाउने लगायतका धेरै घटनामा सामाजिक सञ्जालको विरोधपछि सरकारले उक्त निर्णय फिर्ता लिएको छ ।

'सामाजिक सञ्जाल पछिल्ला दिनमा धेरै शक्तिशाली हतियार बन्दै आएको छ, सामाजिक सञ्जालमा आएको दबाब र प्रभावका आधारमा नै सरकारी संयन्त्रले निर्णय गर्ने वा उल्टाउने परिस्थिती बढेको छ,' सूचनाप्रविधि विज्ञ पंकज जलनले भने। उनले सामाजिक सञ्जाल हरेक विषयको निर्णय गर्ने बलियो माध्यम भएको हुँदा सोही मनोभावनालाई बुझेर निर्णय गर्नुपर्ने बेला आएको बताएका हुन् ।

केही हप्ताअघि मात्रै कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गर्ने सरकारले निर्णय गरेको थियो। तर, सामाजिक सञ्जालदेखि सडकमा समेत यसको चर्को आलोचना भएपछि सो निर्णयबाट सरकार पछि हटेको हो । त्यस्तै, उपहारको फोनमा भन्सार अनिवार्य गर्ने दुईभन्दा बढी ल्याए जफत गर्ने निर्णयको पनि सामाजिक सञ्जालमा तीव्र विरोध भएपछि सरकारपछि हटेको थियो । अझ, विदेशबाट लिएर आउने मोबाइल फोनमा कडाई गरिएपछि विदेशमा रहने नेपालीले 'नो रेमिटेन्स' अभियान नै सुरु गरेका थिए।

त्यस्तै, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ मार्फत संसदीय निर्वाचनपछि पनि पुरानै संसद्लाई निरन्तरता दिन खोजेको सरकार चौतर्फी विरोधपछि पछि हट्न बाध्य भएको थियो। सरकारले चुनावपछि पनि अहिलेका सांसदहरूलाई तलब सुविधा दिएर राख्ने गरी विधेयक अघि बढाएपनि सामाजिक सञ्जालमा भएको >>> पृष्ठ २ मा

**नक्कली भुटानी शरणार्थी प्रकरण**

# पूर्वगृहमन्त्रीका सुरक्षा सल्लाहकार राई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख

पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा.इन्द्रजित राईलाई प्रहरीले पक्राउ गरेको छ। नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहसँगको संलग्नताको आरोपमा राईलाई पक्राउ गरिएको हो । राईलाई मंगलबार बिहान ललितपुर सुनाकोठीबाट पक्राउ गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ। उनीविरुद्ध पक्राउ पूर्जी जारी भएको थियो । द्वन्द्वविद् राई बृहत शान्ति सम्झौतापछि माओवादीमा प्रवेश गरेका थिए।

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहले विभिन्न व्यक्तिहरुबाट ३ करोड २४ लाख रुपैयाँ ठगी गरेको आरोप छ। १४ फागुन २०७४ देखि २८ असार २०७८ सम्म रामबहादुर थापा 'बादल' गृहमन्त्री हुँदा राई सल्लाहकार थिए।

भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भन्दै असूली गरेको आरोपमा प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले १२ चैतमा मोरङका केशव दुलाल, ललितपुरका सानु भण्डारी र पाँचथरका टेक गुरुङलाई पक्राउ गरेको थियो । यसको तीन दिनपछि मोरङका सागर राई पनि पक्राउ परेका थिए। पक्राउ परेकामध्ये दुलाल र भण्डारीले दिएको बयानका आधारमा प्रहरीले डा. राईलाई पक्राउ गरेको हो ।



**निरज राईविरुद्ध पक्राउ पुर्जी**

यसैबीच पक्राउ परेका डा. राईका छोरा निरज राईविरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ । यस प्रकरणमा निरजको समेत नाम जोडिएपछि उनीविरुद्ध प्रहरीले पक्राउ पुर्जी जारी गरेको हो। प्रहरी स्रोतका अनुसार उनी अहिले नेपालमा छैनन् ।

# उपेन्द्र यादवले लिए शपथ

**काठमाडौं/मस-** उपनिर्वाचनमा बारा २ बाट निर्वाचित जसपा अध्यक्ष उपेन्द्र यादवले मंगलबार शपथ लिएका छन् । शपथपछि उनलाई सोधियो जसपाको भागमा परेको खाली मन्त्रालयमा जानुहुन्छ भनेर पत्रकारले सोधे । त्यसमा उनको जवाफ थियो- त्यो पार्टीले निर्णय गर्छ। उनले मुलुकलाई अघि बढाउन सरकारको स्थायित्व आवश्यक भएको र सरकारले पूर्ण कार्यकाल काम गर्नुपर्नेमा जोड दिए। 'कसले कुन मन्त्रालय पाउने भन्दा पनि महत्वपूर्ण सरकारको स्थायित्व र पर्फर्मेन्स हो' यादवले वृहत् र राष्ट्रिय समझदारीमा जोड दिएका छन् ।



'सरकार २-२ महिना ६-६ महिनामा बदलिरहे देशको आर्थिक विकास र प्रणालीमा पर्छ । जनतामा नैराश्यता र वितृष्णा जाग्छ । जति वृहत्तर समझदारी बन्न सक्यो त्यति राम्रो। तर, टिकाउ हुने खालको हुनुपर्छ ', उनको भनाई थियो । सरकारमा बाँकी रहेका मन्त्री चाँडै पूर्ति हुने यादवले बताए ।

# कांग्रेस नेता भण्डारीको उपचार शुरु

**काठमाडौं/मस-** आगलागीमा परी घाइते भएका नेपाली कांग्रेसका नेता तथा सांसद डा. चन्द्रकान्त भण्डारीको थप उपचार काठमाडौँमै शुरु गरिएको छ । काठमाडौंको पुरानो बानेश्वरमा रहेको फ्रन्टलाइन अस्पतालमा उनलाई मंगलबार भर्ना गरेर उपचार शुरु गरिएको अस्पतालका प्रमुख डा.नवराज पाण्डेले जानकारी दिए ।



गत फागुन ४ गते राति घटना हुनासाथ प्रारम्भिक उपचार गराइएको कीर्तिपुर वर्न अस्पतालका प्रमुख तथा वरिष्ठ चिकित्सक डा.शंकरमान राईसँग परामर्श गरी फ्रन्टलाइनमा भर्ना गरिएको हो । अस्पतालले उनका लागि आवश्यक सबै सेवा, सुविधा निःशुल्क प्रदान गर्ने बताएको उनका स्वकीय सचिव बोधराज कँडेलले जानकारी दिए । उनको उपचारमा वरिष्ठ चिकित्सक डा. चक्रराज पाण्डे र उनका टिम संलग्न छ । अस्पतालमा अहिले फिजियोथेरापी, ड्रेसिङलगायतका उपचार गराइने डा.पाण्डेले जानकारी दिए ।

डा.भण्डारीलाई यसअघि भारतको मुम्बईमा रहेको नेशनल बर्न सेन्टरमा उपचार गराइएको थियो । भारतबाट आइतबार स्वदेश फर्किएका भण्डारीको शरीरका अधिकांश भागमा जलेको घाउ रहेको छ। शरीरमा संक्रमण हुने खतरा कायमै रहेकाले अस्पताल प्रशासन र चिकित्सकले भेटघाटमा अझै पनि प्रतिबन्ध लगाएका छन् । गत फागुन ३ गते काठमाडौंको बुद्धनगरस्थित आफ्नै घरमा ग्यास आगलागी भएपछि नेता भण्डारीसँगै उनकी आमा हरिकला भण्डारी पनि घाइते भएकी थिइन् । आमाको भने उपचारकै क्रममा कीर्तिपुर अस्पतालमै निधन भएको थियो ।

## नेपालले...

खेल प्रदर्शन गरेको नेपालको शुरुवाती ब्याटिङ भने खराब रहेको थियो । नेपालले आठ ओभर खेल्दा शुरुवाती तीन विकेट गुमाएको थियो । ओपनर कुशल भुर्तेल एक, आशिफ शेख आठ तथा कप्तान रोहितकुमार पौडेल एक रनमा आउट भएका थिए ।

त्यसपछि दबाबमा रहेको नेपाललाई गुल्शन झा र भीम सार्कीले उकासे । गुल्शन र भीमबीच ९६ रनको साझेदारी रह्यो । गुल्शनले ८४ बल खेल्दै अविजित ६७ रन जोडे भने भीमले ७१ बल खेल्दै अविजित ३६ रनको योगदान दिए। बलिङतर्फ युएईका लागि रोहन मुस्ताफाले दुई तथा आयान अफ्जल खानले एक विकेट लिए ।

सोमबार भएको खेल निरन्तर वर्षाका कारण रोकिएपछि मंगलबार रिजर्भ डेमा पुनः खेलाइएको थियो। सो क्रममा टस हारेर पहिला ब्याटिङ गरेको यूएईले सबै विकेट गुमाउँदै १ सय १७ रन बनाएको थियो । उसका लागि आसिफ खानले ५४ बलमा सात चौका र एक छक्काको सहयोगमा ४६ रन बनाएका थिए। ओपनर आर्यान लाक्राले २८ बलमा १३ रन बनाए ।

नेपालका लागि ललितनारायण राजवंशीले चार विकेट लिए। त्यस्तै करण केसी र सन्दीप लामिछानेले समान दुई-दुई तथा गुलसन झा र सोमपाल कामीले समान एक-एक विकेट लिए ।

नेपालले एसिया कपमा स्थान बनाएसँगै राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का साथै राजनीतिक दलका नेताहरुले राष्ट्रिय क्रिकेट टिमलाई बधाई दिएका छन् । साथै एसीसी क्रिकेट काउन्सिलका अध्यक्ष जय साहले पनि नेपाली क्रिकेट टिमलाई एसिया कपमा छनोट भएकोमा बधाई दिएका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'एसिसी प्रमियर कपको उपाधि नेपालले जितेको छ। कडा प्रतिस्पर्धाबीच पुरुष एसिया कप २०२३ मा स्थान बनाएको छ । यस क्रममा शानदार प्रदर्शन गर्ने सबैमा बधाई ।'

राष्ट्रपति रामचन्द्र पौडेलले शुभकामना सन्देशमार्फत नेपाली क्रिकेट टोली एसिया कपमा छनोट भएकामा खेलाडी, प्रशिक्षक तथा सम्बन्धित पदाधिकारीलाई बधाई दिएका छन् । राष्ट्रपति पौडेलले खेलका क्रममा नेपाली खेलाडीले देखाएको दक्षता, धैर्य, लगनशीलता र अनुशासनको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

यस्तै प्रधानमन्त्री दाहालले देशको पहिचान र प्रतिष्ठा एवं नेपालीलाई उर्जा प्रदान गर्ने खेलाडीहरुको योगदानप्रति उच्च सम्मान गर्दै सरकारको तर्फबाट थप प्रोत्साहन र पुरस्कृत गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## कोइरीको...

गर्दा सांसदहरुले विरोध गरेका हुन्। विरोधका कारण कोइरीको अनुपस्थितिको सूचना प्रतिनिधिसभामा प्रस्तुत भएर पनि फिर्ता गराइ अन्य सांसदहरुको अनुपस्थितिको सूचना मात्रै प्रस्तुत गरिएको हो ।

त्यसदिन नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले कोइरीको अनुपस्थितिको सूचना बाहेक मात्रै स्वीकृत गर्न सकिने बताएका थिए । त्यसपछि सभामुख घिमिरेले कोइरीको अनुपस्थितिको सूचना स्वीकृत वा अस्विकृत भन्ने प्रक्रियामा नलागेका हुन् ।

## सरकारले ...

पहुँचवालाले अनुदान कब्जा गरेको र वास्तविक बेरोजगार र वास्तविक किसानले पाउन नसकेको बताएका छन्। तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टको कार्यकालमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झार उखेल्ने, फूल गोड्ने, गाईबस्तु धपाउने र बाँदर धपाउने जस्ता अनुत्पादक क्षेत्रमा बजेटको दुरुपयोग भएको भन्दै व्यापक आलोचना भएको थियो। त्यसपछि आर्थिक वर्ष २०७६/०७७ मा यो कार्यक्रमलाई थप उपलब्धिमूलक बनाउने प्रतिबद्धता बजेटमा गरिएको थियो। तर कार्यक्रम शुरु हुन नपाउँदै कोरोना भाइरसको महामारी फैलिएपछि कार्यक्रम अलपत्र परेको थियो ।

कार्यक्रमलाई उपलब्धिमूलक बनाउने भन्दै २०७६ कात्तिक २४ गते कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ जारी गरिएको थियो । तर उक्त कार्यविधिमा पनि फरक नाममा त्यसअघिका जस्तै साना साना कार्यक्रम आएको महालेखाको प्रतिवेदनले औंल्याएको छ। मुलुक आर्थिक संकटमा रहेको अवस्थामा अयोग्य लडाकुलाई रकम बाँड्न खोजेको आरोप खेपिरहेका प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कसरी परिमार्जन गर्ने हुन् धेरैका लागि प्रतीक्षाको विषय बनेको छ ।

## निर्णय...

तीव्र आलोचनापछि नै सो विषयबाट पछि हटेको थियो । सामाजिक सञ्जालको माध्यमबाट विभिन्न प्रकारका अपराधमा बढोत्तरी भएपनि सरकारको निगरानी गर्ने र गलत प्रवृत्ति उल्टाउने काममा भने यो बलियो संयन्त्रकै रुपमा देखापरेको छ ।

# विद्यालय भर्नामा खोप कार्ड अनिवार्य

**बैतडी/मस-**बालबालिकालाई विद्यालय भर्ना गर्दा बैतडीमा खोप कार्ड अनिवार्य गरिएको छ । पाँच वर्षमुनिका बालबालिकालाई विद्यालयमा भर्ना गर्दा खोप कार्ड अनिवार्य गरिएको हो। जिल्ला खोप समन्वय समितिको बैठकले गरेको निर्णय अनुसार नै विद्यालयमा बालबालिकालाई भर्ना खोप कार्ड अनिवार्य गरिएको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए ।

राष्ट्रिय खोप तालिका अनुसार बालबालिकाले खोप लाए/नलाएको जानकारी हुने भएकाले विद्यालय भर्ना गर्दा खोप कार्ड अनिवार्य गर्न विद्यालयलाई आग्रह गरिएको छ । उनले भने, 'खोप ऐन २०७२ मा विद्यालय भर्ना गर्न अनिवार्य खोप लगाएको हुनुपर्ने भनिएको छ । सोहिअनुसार जिल्ला खोप समन्वय समितिको बैठकले पनि गरेको निर्णय हो ।'

बालबालिका भर्ना हुँदा अनिवार्य खोप कार्ड हुनुपर्ने निर्णयअनुसार शिक्षा विकास तथा समन्वय इकाईले प्रत्येक पालिकाका शिक्षा शाखालाई परिपत्र र पालिकाको शिक्षा शाखाकाले पालिकाभित्रका रहेका विद्यालयलाई पत्राचार गरेको भट्टको भनाइ छ ।

राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई विभिन्न रोगविरुद्ध निःशुल्क खोप दिने गरिएको छ । बालबालिकालाई विभिन्न १३ प्रकारका खोप दिइन्छ । हाल जिल्लामा विद्यार्थी भर्ना अभियान सञ्चालनमा रहेको छ । विद्यार्थी भर्ना अभियान वैशाख मसान्तसम्म सञ्चालन हुने शिक्षा विकास तथा समन्वय इकाई बैतडीका सूचना अधिकारी पुस्करराज शर्माले जानकारी दिए। बैतडीमा पाँच सय ६२ विद्यालय छन् ।

# मोटरसाइकल चोरी गर्ने दुई जना पक्राउ





**काठमाडौं/मस-**मोटरसाइकल चोरी गरेको आरोपमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुपाल्चोक घर भएका २५ वर्षीय लोकबहादुर पाखिन र काभ्रे घर भएका २८ वर्षीय सुजन तामाङ रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले वैशाख १५ गते ललितपुरको भैंसेपाटीबाट बाग्मती प्रदेश ०२-०२८ प ४४४८ नम्बरको २२० सिसीको पल्सर मोटरसाइकलसहित पाखिनलाई पक्राउ गरेको थियो। प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीकाअनुसार तामाङलाई सोधपुछ गर्दा उक्त मोटरसाइकलको वास्तविक नम्बर बा.प्र.०२ ०२१ प ४१७२ रहेको पाइएको छ ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुबाट मोटरसाइकल चोरी हुने गरेको भन्ने सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरिएको रेग्मीले बताए । बौद्ध नयाँबस्ती बस्ने दुवै जनालाई मोटरसाइकलसहित थप अनुसन्धानको लागि प्रहरी वृत चापागाँउ पठाइएको प्रहरीले जनाएको हो ।

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**
**लुम्विनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सुचना प्रकाशित मितिः- २०८०/०१/२०**

गेरुवा गाउँकार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वन गरेको तपशिलका ठेक्काहरुको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलको मितिको निर्णय तपशिलका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं | कामको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु. (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|---|---|---|---|
| १ | W/GRM/NCB/15/2079-080 | Bankatti School Dekhi Sankatti Samm Jane Bato Ma R.C.C Canal Nirman | २०७९।१२।०५ | ५(पाँच) | Adarsha Construction Geruwa 06 Bardiya | २०८०।०१।१३ | १६,४९,७९७.५९ (सोह्र लाख उनान्पचास हजार सात सय सन्तान्बे रुपैया र पैसा उनानसाठि मात्र) |
| २. | W/GRM/NCB/18/2079-080 | Pathariya-Banjariya Jodne Pul(Minor Bridge) Dhaknath Ko Ghar Najik | २०७९।१२।०५ | ३ (तिन) | Niraula Builders Geuwa 05 Bardiya | २०८०।०१।१४ | ३०,०८,९५४.४२ (तिस लाख आठ हजार नौ सय चौवन्न रुपैया र पैसा बयालिस मात्र) |
| ३ | W/GRM/NCB/16/2079-080 | Sonahaphata-Syaulibazar Pul Nirman | २०७९।१२।०५ | ४ (चार) | P.N.N. Nirman sewa Pvt.Ltd Geuwa 05 Bardiya | २०८०।०१।१३ | ३३,५०,४०५.५७ (तेत्तिस लाख पचास हजार चार सय पाँच रुपैया र पैसा सन्ताउन्न) |
| ४ | W/GRM/NCB/17/2079-080 | Gidharpur Chargau Kulo Ma (Minor Bridge) Nirman Work | २०७९।१२।०५ | ५(पाँच) | Geruwa Nirman Sewa Geuwa 04 Bardiya | २०८०।०१।१४ | ३८,८७,७९१.७९ (अरतिस लाख सतासि हजार सात सय एकान्बे रुपैया र पैसा उनानअसि मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

***कोहलपुर नगरपालिका***
***नगर कार्यपालिकाको कार्यालय***
***कोहलपुर, बाँके***
***लुम्बिनी प्रदेश, नेपाल***

***लामोदुरीको बसपार्क बसपार्कको समग्र व्यवस्थापन बहालमा दिने सम्बन्धी सूचना***

***दास्रो पटक सूचना प्रकाशित मिति : २०८०।०१।२०***

यस कोहलपुर नगरपालिकाको लामोदूरीको बसपार्क सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त बसपार्क समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय र पार्किङ्ग) सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धात्मक रुपमा आयको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना ।

**तपशिल**

| क्र.सं. | विवरण | प्रति वर्ष न्यूनतम मूल्य | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर, शौचालय र पार्किङ्ग) | रु ९६,८६,४००। | १०,००,०००। | बोलपत्र खरिद रु ३०००। फिर्ता नहुने गरी |

- उल्लेखित समग्र व्यवस्थापन (प्रवेश, टिकट काउण्टर.शौचालय र पार्किङ्ग) खुला प्रतिस्पर्धात्मक रुपमा फर्म वा व्यवसायीले प्रस्ताव पेश गर्न पाउने । यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यवसायी वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने ।
- बोलपत्र अनलाईन प्रक्रिया (E-bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धि विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ ।
- धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ ।
- बोलपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरि सक्कलै भौचर बुझाउनु पर्नेछ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समयः २०८०।०२।०४ गते दिउसो १२:०० बजे सम्म ।
- बोलपत्र खोलिने मिति र समयः २०८०।०२।०४ गते दिउसो १:०० बजे ।
- पेशगर्नुपर्ने कागजातहरुः फर्म वा व्यवसायका कागजातहरु (करचुक्ता, व्यवसाय दर्तानविकरण समेत)
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचिलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय अनुसार हुनेछन ।
- उल्लेखित व्यवस्थापन प्राप्त गर्ने नियमिति सरसफाई गर्नुपर्ने र न्यूनतम भाडा रकममा शौचालयको रकम नजोडिएकोले व्यवस्थापन प्राप्त गर्नेले शौचालय प्रयोगबापत शुल्क उठाउन नपाउने ।

# तत्कालीन उपसचिवविरुद्ध १ करोड १५ लाखको भ्रष्टाचार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख



यातायात व्यवस्था कार्यालयको सुकेधारास्थित सवारी चालक अनुमतिपत्र कार्यालयका उपसचिव सुन्दर भट्टराईविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले भट्टराईले सेवा सरकारी सेवा प्रवेश गरेको २०३८ साउन १ देखि २०७५ मंसिर मशान्तसम्म गरेको आम्दानी र खर्चको हिसाब गर्दा उनको सम्पत्तिमध्ये १ करोड १५ लाख २९ हजार १९३ रुपैयाँको स्रोत नखुलेको दाबी गर्दै मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । सरकारी कर्मचारी भट्टराईले अमिल्दो तथा अस्वभाविक उच्च जीवनस्तर यापन गरेको पुष्टि हुन आएको पनि अख्तियारले दाबी गरेको छ ।

भट्टराईविरुद्ध १ करोड १५ लाख २९ हजार १९३ रुपैयाँ ७१ पैसा बिगो माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । अख्तियारले भट्टराईले अवैध आर्जनको सम्पत्ति पत्नी मुना अधिकारी भट्टराई, छोरा उत्सुक भट्टराई र छोरी प्रेरिका भट्टराईको नाममा राखेको देखिएको भन्दै उक्त रकम जफत गर्न पनि माग गरेको छ।

यस्तै भट्टराईकी आमा इन्दिरा भट्टराईको नाममा रहेको सम्पत्ति पनि जफत गर्न अख्तियारले माग गरेको छ । इन्दिरा भट्टराईको मृत्यु भइसकेको भएपनि सम्पत्ति जफत गर्नका लागि उनलाई समेत प्रतिवादी कायम गरी मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

**अधिकृतसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत पदम प्रसाद अर्यालसहित ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । पर्साको साविकको अलौ गा.वि.स. वडा नं. ५ कि.नं. ९२ को सार्वजनिक जग्गा व्यक्तिको नाममा श्रेस्ता तयार गरी बिक्रीसमेत गरेको आरोपमा अख्तियारले तत्कालीन मालपोत अधिकृत अर्यालसहित तत्कालीन नायव सुब्बा लेखनाथ भट्टराईविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

सार्वजनिक जग्गा कानून विपरीत भोगचलन हस्तान्तरण गर्ने गैरकानूनी कार्यबाट नेपाल सरकारलाई हानी पुर्‍याएको हुँदा अर्याल र भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

यस्तै वीरगञ्ज महानगरपालिका वडा नं. २ बस्ने ज्याउल हक र एसानुल हक राकीले सार्वजनिक जग्गामा बनेको घर स्वामित्व खुल्ने कागजात बिना राजीनामा लिखत पारित गर्ने कार्यमा अर्याल र भट्टराईलाई सहयोग गरेको ठहर गर्दै अख्तियारले उनीहरुविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ । हक र राकीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिम गलत लिखत तयार गर्ने कसुरको मतियारको रुपमा कार्य गरेको देखिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम कसुर गर्ने व्यक्तिसरह नै सजाय हुन मागदाबी लिइ मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

# तीन दिनदेखि हवाई सेवा अवरुद्ध



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १९ वैशाख

हिमाली जिल्ला हुम्लामा तीन दिनदेखि हवाई सेवा अवरुद्ध भएको छ । शनिबार रातिदेखि मौसम खराब हुँदा हवाई सेवा अवरुद्ध भएको हो । नेपालगन्ज र सुर्खेतबाट नियमित उडान भर्ने निजी जहाजले मौसम खराबीका कारण उडान भर्न नसकेका हुन् । हुम्लालाई अन्तरजिल्ला जोड्ने एक मात्र माध्यम हवाई सेवा भएपनि जिल्लाको मौसम बिग्रिँदा नेपालगन्ज र सुर्खेतदेखि जिल्लाका लागि कुनै उडान भएको छैन ।

शनिबार रातिबाट जिल्लाको मौसममा फेरबदल भइ पानी परेपछि तीन दिनबाट सिमकोट विमानस्थलमा नेपालगन्ज र सुर्खेतबाट हवाई सेवा हुन सकेको छैन । हवाई सेवा नहुँदा नेपालगन्ज र सुर्खेतदेखि आउने यात्रुसहित कार्गो सामान आउन पाएको छैन ।

त्यस्तै हुम्लादेखि नेपालगन्ज र सुर्खेत जाने यात्रु पनि सिमकोटमै रोकिएको सिमकोट विमानस्थलले जनाएको छ । नेपालगन्जबाट हुम्लाका लागि तारा, समिट, सिता र नेपाल एयरलाइन्सका जहाजले उडान भर्दै आएका थिए । हुम्लाको मौसम बिग्रिएकाले नेपालगन्जबाट सिमकोटका लागि हवाई उडान नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी हुन रोकिएको छ । यात्रुहरु नेपालगन्ज, सुर्खेत र सिमकोटमै अलपत्र परेको सिमकोट विमानस्थलका प्रमुख मोहन गिरीले बताए । यसैगरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कम्पनीको ढुवानी अनुदानको खाद्यान्न, दैनिक उपभोग्य सामान, तरकारी र कार्गोको सामान पनि ढुवानी हुन सकेको छैन । जिल्लाको व्यापार व्यवसाय जहाजकै भरमा चल्ने भएकाले जिल्लाका व्यवसायिक अहिले मर्कामा परेका छन् । राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको एक मात्र जिल्ला हुम्लामा हवाई सेवा अवरुद्ध हुँदा समस्या भएको हो ।

# दार्चुलाको व्यासमा हिमपहिरो

**दार्चुला/मस-** दार्चुलाको व्यास गाउँपालिका-१ बोलिङ्गमा हिमपहिरो गएको छ ।



हिमपहिरोमा पाँच जना बेपत्ता भएका छन् । मंगलबार दिउँसो गएको हिमपहिरोले यार्सागुम्बा संकलक बस्दै आएको त्रिपाल पुरिएको थियो । बोलिनमा मंगलबार २:४५ बजेतिर गएको हिमपहिरोमा परेर बेपत्ताको खोजी गर्न गएको सशस्त्र प्रहरी बलको टोली भने छाङरु फर्किएको छ ।

दिउँसोदेखि बेपत्ता १२ मध्ये ६ जनाको सशस्त्र प्रहरी बलको छाङरुस्थित गुल्म नम्बर ५० जनाले उद्दार गरेको छ । हिमपात जारी रहेका बेला अध्यारो समेत भएपछि खोजीमा गएको टोली केहिवेरअघि फर्किएको सशस्त्र प्रहरी बलका सह-प्रवक्ता शैलेन्द्र थापाले बताए ।

बुधबार बिहानैबाट फेरि खोजी तथा उद्दार कार्य शुरु हुनेछ । सशस्त्र प्रहरीका अनुसार १२ जना नै यार्सागुम्बा खोज्न बोलिनतिर गएका थिए । घटना भएको स्थान सशस्त्र प्रहरीको छाङरु गुल्मबाट करिब ५ किलोमिटर दक्षिणतर्फ पर्छ । तर बाटो भिरालो र अफठ्यारो भएकाले घटना भएको स्थान पुग्न साढे ३ घण्टा लाग्ने बताइएको छ । संकलक केही दिनअघि यार्सागुम्बा संकलनका लागि लेकतर्फ उक्लिएका व्यास-१ का वडाध्यक्ष अशोक बोहराले बताए ।

# मिटरब्याज समस्या समाधान गर्न अध्यादेशमार्फत कानून बनाइने



**काठमाडौं/मस-** सरकारले मिटरब्याजसँग सम्बन्धित समस्या समाधानका लागि अध्यादेशमार्फत कानून बनाउने भएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्ने गरी अध्यादेशमार्फत कानून संशोधन गर्ने निर्णय गरेको हो ।

बैठकबारे जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन्, 'मिटरब्याजीसम्बन्धी दिन दिनैको समस्या समाधान गर्नका निमित्त कानूनी व्यवस्था गर्न आजको मन्त्रिपरिषद्को बैठकबाट यससँग सम्बन्धित अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको छ, आजै राष्ट्रपतिसमक्ष त्यो अध्यादेश पठाउने काम हुन्छ ।'

सरकारका प्रवक्ता शर्माले जे भएपनि ऐनबाट मात्रै हुने तर अध्यादेशबाट नहुने बताउँदै मिटरब्याज पीडितको समस्या विशिष्ट प्रकारको भएकाले अध्यादेशमार्फत गरिएको जानकारी दिइन् ।

सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्ने, मिटरब्याजीलाई कारबाही गर्नुपर्ने, मिटरब्याज विरुद्ध कानून निर्माण गर्नुपर्ने, तमसुक व्यवस्था खारेज गर्नुपर्ने, झुट्टा मुद्दामा गिरफ्तार गरिएका पीडितलाई रिहा गर्नुपर्ने लगायतका माग गर्दै मिटरब्याज पीडितले आन्दोलन गर्दै आएका छन् ।

# कृषि सहकारी संस्थामा चोरी

**राम खड्का/मध्यान्ह**
अर्घाखाँची, १९ वैशाख

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका ६ नरपानीमा रहेको एक सहकारी संस्थामा चोरी भएको छ । नरपानीमा रहेको साना किसान कृषि सहकारीको कार्यालमा तोडफोड गरी नगद तथा जिन्सी चोरी भएको हो । सहकारीबाट साढे ६ लाख भन्दा धेरै नगद रकम र सीसीटिभी क्यामेराको हार्डडिक्स समेत चोरी भएको सहकारीका कम्प्युटर अपरेटर प्रकाश महत्राले बताए ।

अपरेटर महत्राका अनुसार सहकारी संस्थाको कार्यालय भित्रको लकरमा जम्मा गरी राखिएको ६ लाख ६३ हजार ८ सय १० रुपैयाँ नगद र सीसीटिभि क्यामराको हार्डडिक्स चोरी भएको हो ।

'आइतबार राति नै कार्यालयको ताल्चा फोडेर चोरी भएको हुनसक्छ,' उनले भने,'सोमबार सार्वजनिक विदाको कारण हामी अफिस आएनौं । घटनाबारे मंगलबार मात्र थाहा भयो । चोरले सीसीटिभीको हार्डडिक्स समेत लगेछ ।'


## सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही

**आशय पत्र सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०-०१-२०**

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | बोलपत्रदाताको नाम | आयोजनाको नाम | कबोल अंक (मु.अ कर सहित) |
|---|---|---|---|
| NCB/11/079-80 | M/S Civil Builders and Engineering Construction, Sainamaina-08 | Construction of Football Stadium Infrastructure including Cantilever Stadium Canopy (Steel Structure) | १,८५,२५,३२७२९ |


# नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा पाँच बुँदे रारा घोषणापत्र जारी

**मध्यान्ह संवाददाता**
मुगु, १९ वैशाख



नेपाल प्रज्ञा-प्रतिष्ठानले पाँच बुँदे रारा घोषणापत्र जारी गरेको छ । रैथाने संस्कृति र प्राकृतिक सौन्दर्यको अध्ययन तथा अवलोकन गर्ने उद्धेश्यले नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्को बैठकले उक्त घोषणापत्र जारी गरेको हो ।

'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा- प्रतिष्ठान' भन्ने मूल नाराका साथ रारा तालको किनारामा पहिलो पटक नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्को ऐतिहासिक बैठक कुलपति भूपाल राईको अध्यक्षतामा बसेको हो ।

बैठकले जारी गरेको घोषणापत्रमा नेपालको भाषिक र सांस्कृतिक विविधतालाई आत्मैदेखि स्वीकार गर्दै नेपाल प्रज्ञा -प्रतिष्ठानलाई सबैको साझा थलो बनाइने, संघीय गणतन्त्र नेपालको मूल्य र मान्यतालाई आत्मसात् गर्दै परिवर्तनको सौन्दर्यलाई स्थापित गर्ने उल्लेख छ । यस्तै प्राज्ञ र प्राज्ञिक कर्मको जग उच्च नैतिकता, स्वच्छ संस्कार र छविको हुने हुनाले सोही अनुसारको कर्मलाई अनुसरण गरिने र गराइने, ज्ञानका बहुविध क्षेत्र र स्रोतहरूका बहस,अध्ययन, अनुसन्धान र अभ्यासहरूलाई बढी जोड दिइने उल्लेख छ ।

यस्तै घोषणापत्रमा आजको युगमा प्रश्न जुनसुकै क्षेत्र, तहतप्कामा आवश्यक रहेको र प्रश्न नै समाज रूपान्तरणको पहिलो आधार रहेको, त्यसैले प्रश्न आफैँसँग पनि गरिने र प्रश्न सँगसँगै काम गरिने उल्लेख छ ।

५ बुँदे रारा घोषणापत्र नेपाल प्रज्ञा-प्रतिष्ठानको उच्च प्राज्ञिक खोज-अनुसन्धानका लागि एक कोशेढुंगा सावित हुनेमा आफू आश्वस्त रहेको प्रतिष्ठानका कुलपति राइले बताए ।


## भजनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सूदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति गर्ने आशयको सुचना**


**प्रकाशन मिति :२०८०/०१/२०**

यस भजनी नगरपालिकाको कार्यालयको मिति २०७९/१२/१३ मा प्रकाशित बोलपत्र आह्वान सूचनाका आधारमा निम्न कार्यका लागि पेश भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मुल्यांकन समितिबाट स्वीकृतिको लागि छनोट तथा सिफारिस भई आएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

**तपशिलः**

| क.स | ठेक्का नं | आयोजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबुल रकम रु (मु.आ.क र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/BM/ROADS/PKG/05/2079/080 | Upgrading of Various road in ward no 03 and 05 of Bhajani Municipality | Kingmaker Builder, Dhangadhi-08, Kailali | 28,34,583.64/- | |
| 2 | NCB/BM/BLDG/01/2079/080 | Construction of Ayurvedic Building in Bhajani Municipality | Riya Construction, Bardagoriya-01, Kailali | 18,96,484.70/- | |





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२० वैशाख २०८०, बुधबार
3 May 2023, Wednesday

## सम्पादकीय

### दायित्व सम्झने बेला

एसीसी प्रिमियर कपको फाइनलमा नेपालले संयुक्त अरब इमिरेट्सलाई सात विकेटले रोमान्चक जित हात पाऱ्यो । ऐतिहासिक जितसँग नेपालले २१ वर्षपछि एसिया कपमा स्थान बनाउन सफल भयो । खेलाडीहरूले नयाँ नयाँ किर्तिमान कायम गर्दै नयाँ गन्तब्य तय गरेको छ । एसिया कपमा पाकिस्तान र भारतसँग खेल्न पाउने अवसर जुराएको छ । जुन नेपाली क्रिकेट प्रेमीहरूले लामो प्रतिक्षा गरिरहेका थिए, त्यो अवसर

क्रिकेट खेलाडीले २१ वर्ष दिलाएका छन् । पाकिस्तानले सेप्टेम्बरमा आयोजना गर्ने एसिया कपमा नेपालले समूह 'ए' मा रहेर पाकिस्तान र भारतसँग एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल्न पाउने छ ।

एसिया कपमा नेपालसँगै एसियाली टेस्ट राष्ट्रहरू पाकिस्तान, भारत, बंगलादेश, अफगानिस्तान र श्रीलंकाको सहभागिता हुनेछ । नेपालका लागि एसिया कपमा छनोट हुनुको अर्थ नेपालले भारत र पाकिस्तानसँग पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल खेल्न पाउनु हो । जुन केही महिना अघिसम्म पनि कल्पना भन्दा बाहिरको कुरा थियो । किनकि धेरै भएको छैन नेपाल एकदिवसीय मान्यता जोगाउन संघर्षरत थियो । तर, पछिल्ला केही महिना नेपालले विजेता टिमले झैं खेलिरहेको छ ।

११ वटा खेल मध्ये १० मा लगातार जित हात हासिल गर्नु सामान्य उपलब्धी होइन । त्यसका लागि खेलाडी र प्रशिक्षक बधाईका हकदार छन् । देशाईले 'ह्याप्पी ड्रेसिङ रूम' लाई निकै महत्व दिएका थिए । नभन्दै देशाईको प्रशिक्षणमा नेपालले लिग–२ का १२ मध्ये ११ खेलमा जित हात पाऱ्यो र जिम्बाब्वेमा हुने आईसीसी विश्वकप छनोटमा स्थान सुरक्षित गऱ्यो । विश्वकप छनोटमा नेपालले श्रीलंका, वेस्ट इन्डिज, जिम्बाब्वेजस्ता टिमसँग खेल्ने अवसर पाउने छ । लिग–२ अन्तर्गत पछिल्ला १२ मध्ये ११ खेलमा जित हात पारेसँगै नेपालले आगामी चार वर्षका लागि एकदिवसीय मान्यता पनि जोगायो । नेपाललाई एसिया कप जस्तो चर्चित प्रतियोगितामा छनोट गराउन नेपाली टिमका मुख्य प्रशिक्षक मोन्टी देशाईको योगदान तारिफ योग्य छ ।

२१ वर्ष अघि नै नेपाल, भारत र पाकिस्तानजस्ता देशसँग खेल्ने अवसर पाएको थियो  तर भारत र पाकिस्तानको राजनीतिक तनाबको कारण प्रतियोगिता नै रद्द भएको थियो । नेपालको सपना त्यत्तिखेर अधुरै भएको थियो । अब फेरि त्यो सपना साकार हुने समय आएको छ ।

पछिल्ला समय नेपालले एकपछि अर्को खेल जित्दै गर्दा हरेक खेलमा छुट्टाछुट्टै खेलाडीहरू नायक साबित भइरहेका छन् । कुनै एक खेलाडीमाथि मात्र भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको देखिन्छ । नेपालले बलिङ, ब्याटिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिइरहेको छ । अरू खेलका खेलाडी भविष्यको खोजीमा विदेश गइरहे का बेला क्रिकेटले पाएको यो सफलता महत्वपूर्ण छ । जसले गर्दा अन्य खेल र खेलाडीहरूलाई पनि ठूलो आशा र अवसर जगाएको छ ।

# नदी संरक्षणको सवाल र कर्णाली नदी

*लामो इतिहास बोकेको कर्णाली नदी बिना पश्चिमी नेपालको अस्तित्व रहन सक्दैन । हामीले कर्णाली नदीलाई पश्चिमी नेपालको सभ्यता, भूगोल र भावि सम्भावनाबारे केलाएर सदुपयोगको नीति लिनुपर्छ ।*

अग्रलेख



● जनेश भण्डारी

कर्णाली नदी तिब्बतको समुद्र सतहबाट तीन हजार ९६२ मिटर उचाईमा रहेको माप्चोचोङ्गो नामको हिमनदीबाट निस्केर मानसरोवर ताल नजिकै रहेको रकोस सरोवर (जसलाई 'राक्षस ताल' पनि भनिन्छ) त्यहाँ मिसिन्छ । त्यसपछि नेपालमा प्रवेश गरी मुगु जिल्लामा यो 'करन धखोला' वा मुगु कर्णालीसँग मिसिन्छ । त्यसै कारण खोलाको नामबाट नै यो नदीको नाम कर्णाली नदी रहन गएको भन्ने भनाई छ । यो नदी बाजुरा जिल्ला र हुम्ला जिल्लाको सिमाना हुँदै कालीकोट जिल्लामा पुग्दासम्म धेरै सहायक नदी नालाहरूले गर्दा यसले खोलाबाट नदीको रूप लिन्छ । मुगु जिल्लामा रहेको रारा तालको पानी पनि यो नदीमा मिसिदैं यसले विशाल रूप लिन्छ । त्यसै गरी हुम्ला र बाजुराको सिमानामा यो हुम्ला कर्णाली र बुढीगङ्गामा गएर मिसिन्छ । कालीकोटको लालीघाट भन्ने स्थानमा आएर यो नदीमा जुम्ला जिल्ला हुँदै आएको तिला नदी पनि मिसिन्छ । कर्णाली दैलेख, अछाम, सुर्खेत र कैलालीको सिमाना हुँदै अगाडि बढ्छ र अन्ततः भारतमा पुग्छ । नेपालकै परिचय बनाउन सफल र निकै पुरानो इतिहास बोकेको भावि पुस्ताहरुको लागि प्राकृतिक एक उपहार कर्णाली नदीमा आज बाँध (ड्याम) बनाउने कुराहरु चलिरहेको छ । जसलाई कतिपयले विकासको रुपमा बुझेका छन् । तर, यसको गाम्भिर्यतालाई बुझेको देखिन्न । कर्णालीमा ड्याम बनाउने कुरा कुनै आयोजना र कुनै निश्चित भूगोलसँग मात्र सरोकार राख्दैन ।

प्रकृति र जैविक विविधताको मनपरी दोहोनको कारण हुँदा आज विश्व पछुताउने अवस्थामा छ । तापक्रम र जलवायू परिवर्तनले जुन खालको टाउको दुखाईको अवस्था बनेको छ, यसले विश्वलाई कहाँ पुऱ्याउँछ यकिनपूर्वक भन्न सकिन्न । यो अवस्थामा विश्वव्यापीरूपमा नदी र प्रकृति जोगाउने अभियान पनि चलिरहेको छ । अर्को कुरा, नेपालको जलविद्युतको सवाल हेर्दा आगामी आर्थिक वर्षदेखि निर्माणाधिन आयोजनाबाट उत्पादन हुने विद्यूत नेपाललाई चाहिनेभन्दा दुई गुणा धरै हुने देखिन्छ । जबसम्म नेपालले उत्पादित उर्जालाई बजार व्यवस्थापनका लागि भारत, चीन र तेस्रो मुलुकलाई बेच्ने भरपर्दो त्रिदेशीय सम्झौता गर्नसक्दैन तबसम्म नेपाललाई चाहिनेभन्दा बढी विद्युत निकाल्ने र डिपिआरमा खर्च गर्ने विषय राज्यलाई आर्थिक व्यायभार पार्ने मात्र हुन्छ । अर्कोतर्फ, विश्वमा हाईड्रो इनर्जीको विकल्पबारे खोजी सुरु भइरहेको छ । केही दशकभित्रै वैकल्पिक इनर्जीले विश्वव्यापी बजार लिने कुरा निश्चित छ । त्यतिबेला नेपालका ठूला लगानीका आयोजनामा खिया लाग्ने विषयमा सचेत हुन जरुरी छ ।

नदी दोहन गर्दा के हुन्छ भन्ने पाठ विश्वका शक्तिशाली राष्ट्रहरुले सिकाएको पाइन्छ । उनीहरुले आज आफ्नो राष्ट्रको मुल नीतिमै 'सेफ रिबर्स नो ड्याम' अभियानकै रूपमा चलाएका छन् । यसको एक उदाहरणको लागि जिसस थोमस बेल्टलाई लिन सकिन्छ । कर्णाली नदीलाई विश्व सम्पदामा सूचिकृत गर्न सकिन्छ ।

आजको आवश्यकता नदी बेचेर होइन, नदीको सदुपयोग गरेर राष्ट्रलाई समृद्ध बनाउने सोंच राख्नुपर्छ । हाम्रा तीन मुख्य नदी कर्णाली, गण्डकी र कोशीमध्ये एउटालाई अनिवार्य संरक्षित नदी बनाइनुपर्दछ । हरेक प्रदेशमा एक संरक्षित नदी राख्न जरुरी छ । त्यति गर्दा पनि हामीसँग प्रयोग गर्न र बेच्न प्रशस्त बिजुली उत्पादन गर्ने क्षमता हुन्छ । हामी नदीको मामलामा कुबेर जस्तै धनी हो भने पृथ्वी र भविष्यको सन्ततिलाई यो उपहार साचेर राख्न किन हिचकिचाउने ? सबै प्रदेशमा एउटा एउटा नदीलाई खुला बग्ने नदीका रूपमा राख्ने नीति ल्याउन आवश्यक छ । कर्णाली एक मात्र यस्तो नदी हो जून धेरै धर्मको आस्था कैलाश क्षेत्र (हिन्दू, बुद्धिष्ट, जैन, बोन, सिख)को माब्चाखबाब बाट उद्गम भई नेपाल देश मा निर्विवाद रूपमा बग्छ र भारतको पवित्र गंगा नदीमा सबैभन्दा ठूलो सहायक नदीको रूपमा मिसिन्छ । कर्णाली संसारकै अति दुर्लभ नदीमा पर्छ । यसले खस, भोटे, राउटे, मगर, राज़ी, थारु र सोनाह सभ्यता बोकेको छ । यस्को महत्व हामीले बुझ्न र



*आजको आवश्यकता नदी बेचेर होइन, नदीको सदुपयोग गरेर राष्ट्रलाई समृद्ध बनाउने सोच राख्नुपर्छ । हाम्रा तीन मुख्य नदी कर्णाली, गण्डकी र कोशीमध्ये एउटालाई अनिवार्य संरक्षित नदी बनाइनुपर्दछ । त्यति गर्दा पनि हामीसँग प्रयोग गर्न र बेच्न प्रशस्त बिजुली उत्पादन गर्ने क्षमता हुन्छ ।*

बूझाउन सक्यो भने पूर्वको सागरमाथा, पश्चिमको अन्नपूर्ण, दक्षिणको लुम्बिनी मात्र नभै चाइनाको ग्रेट वालभन्दा कम छैन, जसले हरेक वर्ष लाखौं पर्यटकलाई भित्र्याउन सक्छ ।

कर्णाली प्रकृतिको बरदान हो । संसारकै प्रकृति प्रेमी पर्यटकहरूको रमाउने थलोको रूपमा यसलाई प्रस्तुत गर्न सकिन्छ । नदी पर्यटनको दृष्टिकोणले संसारको पाँच उत्कृष्ट नदीमा यो पर्दछ । यदि प्रकृति/नदी नमासे पनि समृद्धि ल्याउन सकिन्छ भने मास्ने किन र केका लागि ?

मूल कर्णाली (हूम्ला कर्णाली)बाहेक यसका शाखा नदीहरुमा लगभग ६७०० मेगावाटको लाइसेन्स दिइसकेको अवस्था छ । मूललाई राखी सहायक नदीहरुमा हाइड्रो इनर्जी ड्याम किन नबनाउने ? यदि बनाउनै परे सबै विकल्प प्रयोग गरेपछि पनि त बनाउन सकिन्छ होला नि ! एक पटक बिगार्यौं भने त्यसलाई सपार्न सय वर्षभन्दा बढी लाग्नसक्छ, त्यस्को हेक्का हुन जरुरी छ कि छैन ?

**नेपालको जलविद्युत उत्पादनको अवस्था**

नेपाल विद्युत् प्राधिकरणका अनुसार हाल नेपालको जडित विद्युत् उत्पादन क्षमता २,१९० मेगावाट छ । आन्तरिक बजारमा माग भने १,६०० देखि १,७०० मेगावाटको हाराहारीमा छ । त्यसमा प्राधिकरणको आफ्नै आयोजनाबाट ६५८ मेगावाट विद्युत् उत्पादन हुन्छ भने प्राधिकरणका सहायक कम्पनी तामाकोसी र चिलिमेबाट थप ४७८ मेगावाट उत्पादन हुन्छ । पाँच वर्षअघि प्राधिकरणले आफ्नै आयोजनामार्फत् ५६१ मेगावाट अनि सहायक कम्पनीमार्फत् २२.१ मेगावाट विद्युत् उत्पादन गर्ने गरेको तथ्याङ्कले देखाउँछ । प्राधिकरण र उसका सहायक कम्पनीहरूले २,५५० मेगावाटभन्दा केही बढी, लगानी बोर्डमार्फत् सरकारले अघि बढाएका आयोजनाबाट ४,९५० मेगावाट र भारतीय कम्पनी सतलज जलविद्युत निगम (एसजेभीएन)ले अघि बढाएको आयोजनामार्फत् २,०७९ मेगावाट विद्युत् भविष्यमा उत्पादन हुने हिसाब निकालिएको छ ।

न्यून जीवनस्तर तथा उद्योग विकास नभएको नेपालमा अन्य मुलुकको तुलनामा हजारौं गुणा कम बिजुली खपत हुन्छ । मौसमी उत्पादनजस्तै खपत हुने भएकाले बढी उत्पादन हुँदा खेर जाने र कम उत्पादन हुँदा किन्नुपर्ने बिडम्बना नेपालसामु विगतदेखि नै हो । अहिले नेपालमा एउटा मात्रै जलाशययुक्त आयोजना छ, कुलेखानी । कुलेखानीबाट हिउँदमा होस् या वर्षायाममा उत्तिकै बिजुली उत्पादन हुन्छ । अन्य आयोजना मौसमीजस्तै हुन् । वर्षातमा नदीको बहाव बढेर बढी बिजुली उत्पादन हुने र सुख्खा याममा नदी सुक्दै गएर उत्पादन घट्छ । त्यसपछि भारतबाट किन्नुपर्छ । अहिले नेपालमा एक वर्षमा प्रतिव्यक्ति कुल १४६ युनिट बिजुली खपत हुन्छ । विश्व बैंकको प्रतिवेदनअनुसार भारतमा ८०५ युनिट, चीनमा चार हजार युनिट, अमेरिकामा १३ हजार युनिट तथा क्यानडामा करिब १५ हजार युनिट प्रतिव्यक्तिले बिजुली प्रयोग गर्छन् । नेपालजस्तै अन्य साना मुलुकले पनि विद्युत बढी खपत गर्छन् । छिमेकी मुलुक भुटान र माल्दिभ्समा पनि प्रतिव्यक्ति वार्षिक दुई हजार युनिटभन्दा बढी खपत हुन्छ । प्रतिवर्ष दक्षिण एसियाकै औसत खपत करिब ६०० युनिट छ भने विश्वमा यो संख्या प्रतिवर्ष तीन हजार युनिट छ ।

**आगामी सम्भावना**

आगामी वर्षहरूमा नेपालमा जलविद्युत उत्पादन बढ्ने देखिएसँगै अबको केही वर्षमा विद्युतको लागि भारतमा निर्भरता क्रमिकरूपमा घट्ने प्राधिकरणले अनुमान गरेको छ । सन् २०२३ को जुलाईदेखि एक वर्षको अवधिमा नेपालले १,२९६ मेगावाट विद्युत् बेच्दा १५७.५ मेगावाट खरिद गरे पुग्ने, त्यसपछिको वर्षमा वर्षा याममा १८३१.६ मेगावाट विद्युत् निर्यात गर्दा १०३.१ मेगावाट आयात गर्नुपर्ने र सन् २०२५को जुलाईदेखि एक वर्षको अवधिमा वर्षा याममा २,४५६.४ मेगावाट विद्युत् निर्यात गर्दै गर्दा आयात भने शून्यमा झर्ने प्रक्षेपण गरिएको छ । प्राधिकरणका अनुसार अबको तीन वर्षमा सुक्खा याममा समेत नेपाल विद्युतमा आत्मनिर्भर रहने आकंलन गरिएको छ ।

यस्तोमा हामीले निकासी गर्ने भनिएको भारतमा न्यूकियर इनर्जीको सुरुवात भैसकेको छ । साथै, भारतले सौर्य र हावाबाट पनि इनर्जी उत्पादन गरिरहेको छ । हामीले बंगालादेशसँग व्यापार गर्ने विषय त्यति सहज छैन । किनकी बंगालादेशमा भारतले निकै अवरोध गरिरहेको हुन्छ । साथै, आउने २० देखि ४० वर्षमा हाइड्रो इनर्जीको विकल्प आउने प्रबल सम्भावना छ । तसर्थ, अब नदी बेचेर, नदी मासेर हैन नदीको सदुपयोग गरेर राष्ट्रलाई समृद्ध बनाउने सोंच राख्नु अत्यन्तै जरुरी छ ।

लामो इतिहास बोकेको कर्णाली नदी बिना पश्चिमी नेपालको अस्तित्व रहन सक्दैन । हामीले कर्णाली नदीलाई पश्चिमी नेपालको सभ्यता, भूगोल र भावि सम्भावनाबारे केलाएर सदुपयोगको नीति लिनुपर्छ । कर्णाली नदीको सही सदुपयोग गर्न सकेमा हामी धनी बन्न सक्दछौं यसको निस्वार्थ प्रयोगले मुद्रा तथा पैसा साथसाथै आर्थिक उन्नती सम्भव हुने पक्का छ । त्यसैले नदी दोहन होइन संरक्षणका निम्ति बेलैमा सोंचौं ।

**(लेखक भण्डारी विकासका विषयमा कलम चलाउँछन् ।)**

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

बैंकबाट लिएको ऋण तिर्दिन भन्दै बाउँठिएर हिँड्ने दुर्गा प्रसाइँलाई अहिलेसम्म नपक्रिनुको रहस्य के होला ? बैंकको ऋण तिर्दिन भन्नु सिधै आमजनताको निक्षेप लुट्छु भनेको हो । हाकाहाकी लुट्छु भन्दा पनि सरकार किन लाचार ? अनि तिर्न नसक्ने मान्छेलाई ऋण दिने बैंकहरूलाई कारवाही गर्न नपर्ने ?



**- ओमकुमार थापा**

नेपालमा परिवर्तन हुन नसक्नुको मूल कारण व्यवस्था भन्दा पनि राजनीतिक नेतृत्व सक्षम, योग्य, क्षमतावान, समर्पित र सेवामुखी हुन नसक्नु नै हो । राजनीतिलाई पेसा र व्यवसाय बनाउनेहरूकै कारण देशमा भ्रष्टाचार र अनियमितता मौलाइरहेको छ । यी सबै चुनौती पार लगाउने सक्षम राजनीतिक नेतृत्वको खाँचो छ ।



**- शरदराज पाठक**

अख्तियार र अदालतमा दलहरूका कार्यकर्ता भर्ती गरेर अनि भ्रष्टाचारको फाइल चाहिँ सरकारले खोल्ने ? खास धारै नबुझेका सर्वसाधारण नागरिकलाई त यस्ता कुराले अल्मल्याउन सकिएला । तर, मिडिया पनि यस्ता कुराको चिरफार नगरी हेडलाइन्स बनाएर प्रचारमा लागेको देख्दा चाहिँ दिक्क लाग्ने !



**- अर्जुन ज्ञवाली**

माओवादी नेता धर्मेन्द्र बास्तोलाले रवि लामिछानेलाई अमेरिकी ब्राण्ड भनेछन् । युरोपेली चर्चबाट १४ अरब ल्याएर माओवादी हिँसा चलाएको पास्टर केवि रोकायले खुलासा गरेका छन् । माओवादी कुन ब्राण्डको होला ? क्याथोलिक कि प्रोटेस्टटेन्ट कृश्चियन । जानकारी पाउन मन लाग्यो ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पारिवारिक जीवन सुखी रहनेछ । विरोधी कमजोर हुनेछन् । |
| वृष | : | सामाजिक सहयोग बढ्नेछ । मनोबल उच्च रहनेछ । |
| मिथुन | : | शैक्षिक कार्यमा सफलता मिल्नेछ । लेनदेनमा सावधानी राख्नुहोला । |
| कर्कट | : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| सिंह | : | कुनै पनि कार्यमा हतार नगर्नु होला । नयाँ काम बन्ने योग छ । |
| कन्या | : | दैनिक कार्य सफल हुनेछ । सबै कार्यमा सावधानी राख्नुपर्छ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । धैर्य र आत्मविश्वास राख्नुहोला । |
| वृश्चिक | : | पैतृक सम्पत्ति मिल्ने योग छ । पारिवारिक जीवन सुखी रहनेछ । |
| धनु | : | शान्ति र सुख बढ्नेछ । अनावश्यक जिम्मेवारी नलिनु होला । |
| मकर | : | हतारमा कुनै निर्णय नलिनु होला । प्रभावमा वृद्धि हुनेछ । |
| कुम्भ | : | वाहन सावधानी राख्नुहोला । नाता-गोतासँग मनमुटाव रहनेछ । |
| मीन | : | आध्यात्मिक यात्रा हुने योग छ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जनअपेक्षामा लागेको तुवाँलो !

टिप्पणी



● खिमराज गिरी

*देश गहिरो संकटउन्मुख छ । तर यस्तो अवस्थामा पनि राज्यको नेतृत्वकर्ताको निर्णयशैली निकै अपरिपक्क देखिन्छ । समस्या एकातिर थुप्रिंदै छन् भने निर्णय अर्कोतिर भइरहेको छ । यसले जनतालाई थप निराश बनाएको छ । जनताले निकास खोजेका छन्, तर नेतृत्वले थप समस्या जुटाइरहेको छ ।*

नेपालमा २०४६ सालको जनअन्दोलनपछि बनेका सरकारमा केही छोटो समय पञ्चायती शासकहरुको बिराजमानबाहेक सत्तामा प्रजातान्त्रिक दलका नेताहरुकै हालिमुहाली छ । केही अमुक कम्युनिष्ट दलको शासनको छोटो अवधिमा गरिएका जनप्रेमी कामबाहेक प्रजातन्त्रको वकालत गर्ने दलहरु नै सत्तामा छन् । व्यवस्था बदलियो तर, जनताको अवस्था अझै उस्तै छ । जति पनि सरकार बन्छन् खाली सत्ता, शक्ति र पदको वरिपरि घुमिरहेका हुन्छन् । संघदेखि प्रदेश हुँदै स्थानीय तहसम्म हजारौं नेताहरुको लागि व्यवस्थापन गर्दै बिदेशी ऋण लिएर छुट्याइएको विकास बजेट पनि प्रशासनिक क्षेत्रमा अनावश्यक खर्च हुने अवस्था छ । विकासको त कुरै छाडौं, सत्ताको भागबन्डामा अल्झिएको वर्तमान सरकारको मानव तस्करी, बढ्दो कोरोना संक्रमणको दर, हत्या, हिंसा, लुटपाट, दैवी प्रकोप हरेक क्षेत्रमा समस्याको रूपमा देखिएको आर्थिक मन्दीतिर सरकारको ध्यान कहिले जाने ?

उता प्रधानमन्त्री कार्यालयको प्रशासनिक सामर्थ्यताप्रति एक राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा लेखिएको छ- देशको महत्वपूर्ण मानिएको प्रधानमन्त्री कार्यालय गतिहीन मात्र होइन ओजबिहीन पनि छ ! पार्टी कार्ययकर्ताको लागि रोजगारीको अवसरमा आकर्षक भएपनि निजामती कर्मचारीलाई यसले प्रभाव पार्छ नै । सचिवहरुको परिणामबिहीन जम्भो टोली थुपार्ने थलो भएको छ उक्त कार्यालय । जसको मारमा देशको सम्पूर्ण प्रशासनिक कार्यालय परेका छन् । यसरी निजामती सेवाका योग्य कर्मचारीको हालत यस्तो हुनुमा दोषी को त ? कर्मचारी स्वयम् ? नेता वा बिचौलियाहरु ? यस कार्यालयअन्तर्गतका राजश्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण विभाग, लगानी बोर्ड, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय सतर्कता केन्द्रलगायतलाई परिणाममूखी बनाउने कहिले ?

त्यस्तै हरेक कुराहरुमा उपेक्षित कर्णाली भनेर समाचारले व्यापक स्थान पाइरहेको पाइन्छ । राज्यले दिनुपर्ने हरेक सेवासुबिधावाट प्रायः बन्चित भएको कर्णाली प्रदेश नै हुनसक्छ तर, नेपालका प्रायः पहाडी तथा हिमाली भेगका जिल्लाहरु हरेक कुराहरुमा पिछडिएका छन् नै तथापी कर्णाली प्रदेशका दुर्गम जिल्लाहरु स्वास्थ्यलगायत अन्य क्षेत्रमा मारमा परेका छन् । यसको लागि जनप्रतिनिधिले संसदको रोष्ट्रममा दुई/चार शब्द बोलेर हुनेवाला केही छैन । जनताको वास्तविक पीरमर्का बुझेर समस्या समाधानतर्फ लाग्नु नै उचित उपाय हो ।

आज देश आर्थिक मन्दीको मारमा परेको छ । यत्र, तत्र, सर्वत्र आर्थिक अभावका कारण कयौं व्यवसाय ठप्प छन् भने कतिका बन्द हुँदैछन् । भूपू कर्मचारीको पेन्सनको त कुरै छोडौं बहालवाला कर्मचारीहरुलाई समेत खुवाउने तलबको अभाव हुँदै आएको कुरा सुन्नमा आएको छ । तर, अर्कोतिर राज्यको ढुकुटीबाट अयोग्य लडाकुको नाममा अरबौं रकम बाँड्ने कुराको बिरोधाभासपूर्ण अभिव्यक्ति स्वयम् जनप्रतिनिधिहरुबाट नै आएको देखिन्छ । के अझै पनि नेताहरुमा ब्यालेटलाई भोट बैंकको रूपमा प्रयोग गरेर अस्तित्व जोगाउने प्रपन्चमा विश्वास छ ? अब जनता धेरै सचेत भइसके । अब फोस्रा नारा लगाएर राजनीतिक बैतर्नी तर्ने दिन गए । वास्तविक जनताको पीरमर्का बुझ्ने र विकास तथा न्यायप्रेमी जनप्रनिधि र दल चाहेका छन् जनताले । अबको राजनीतिमा जनता पनि दुई/चार पैसाले अड्कोपड्को तेलको धुप र दुई चोक्टा मासुको लोभमा रुमल्लिनु हुँदैन र सबै नागरिक सचेत हुन जरुरी छ । अन्यथा, जनअपेक्षामा लागेको तुवाँलो कहिलै हट्ने छैन ।

देश गहिरो संकटउन्मुख छ । तर, यस्तो अवस्थामा पनि राज्यको नेतृत्वकर्ताको निर्णयशैली निकै अपरिपक्क देखिन्छ । समस्या एकातिर थुप्रिंदै छन् भने निर्णय अर्कोतिर भइरहेको छ । यसले जनतालाई थप निराश बनाएको छ । जनताले निकास खोजेका छन्, तर नेतृत्वले थप समस्या जुटाइरहेको छ ।

# डडेल्धुराका मिटरब्याज पीडितलाई उजुरी दिन प्रशासनको आग्रह



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १९ वैशाख

जिल्ला प्रशासन कार्यालय डडेल्धुराले मिटरब्याज पीडितहरुलाई उजुरी दिन आग्रह गरेको छ । डडेल्धुरा प्रशासनले सूचना निकालेर १७ गतेदेखि ३१ गतेसम्म उजुरी दिन मिटरब्याज पीडितहरुलाई आग्रह गरेको हो ।

अनुचित लेनदेन (मिटर ब्याज)सम्बन्धी जाँचबुझ आयोगले पीडितका लागि निवेदन पेश गर्न आह्वान गरेपछि जिल्ला प्रशासन कार्यालय डडेल्धुराले पनि सहयोगका लागि आग्रह गरेको छ। सबै स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र सञ्चारमाध्यमलाई परिपत्र गर्दै प्रशासनले मिटरब्याज पीडितलाई निवेदन पेश गर्नका लागि सहयोग गरिदिन आग्रह गरेको हो ।

नेपाल सरकारको चैत २० गतेको निर्णयअनुसार गठित जाँचबुझ आयोगले प्रारम्भिक काम गरिरहेको छ । आयोगले प्रेस विज्ञप्ति जारी गरी पीडितहरूले आफ्नो भएसम्मका प्रमाणसहित व्यहोरा खुलाएर अनलाइनबाट सिधै आयोगमा वा निवेदकको जिल्लामा रहेको प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध गरेको छ । हरेक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको र सोही कक्षमा निवेदन फारम निःशुल्क उपलब्ध हुने जनाइएको छ ।

# नवलपरासीका सीमा नाका ४८ घण्टाका लागि बन्द



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १९ वैशाख

नवलपरासीको नेपाल-भारत सीमाअन्तर्गतका विभिन्न सीमा नाका आजदेखि बन्द गरिने भएको छ । भारतको उत्तर प्रदेश महारजगञ्ज जिल्लामा बिहीबार हुन लागेको नगर निकाय (स्थानीय निर्वाचन)लाई लक्षित गरी नवलपरासीको सीमा नाका मंगलबार बेलुका ६ बजेबाट बिहीबार बेलुका ६ बजेसम्म ४८ घण्टाका लागि बन्द हुने जिल्ला प्रशासन कार्यालय नवलपरासीले जनाएको छ । जिल्लाको सीमावर्ती नाका ठूठीबारी, गुठीप्रसौनी, विष्णपुरा र भुजहवालगायतका सबै नाका बन्द रहने छन् ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा सीमा नाका बन्द गर्ने र त्यसक्रममा पेट्रोलियम पदार्थ, एम्बुलेन्स, शववाहन, दुध, तरकारी, माछा मासु तथा भारत हुँदै तेस्रो मुलुकबाट आउने पर्यटकहरु बाहेक अन्यको हकमा आवतजावत बन्द रहने उल्लेख गरिएको छ। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइएको छ ।

## आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकोले योग्य व्यक्तिले आफ्नो बायोडाटा सहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**Arabic Translator - 1 (Male/Female)**
योग्यताः अरेबिक भाषा ट्रान्सलेट गर्न सक्ने हुनु पर्दछ ।
योग्य व्यक्तिले ७ दिन भित्र सम्पर्क गर्नुहोला।

SALARY Negotiable

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## श्री हनुमन्तेश्वरी सामुदायिक वन उपभोक्ता समूह
बैतेश्वर-४, काब्रे, दोलखा

### काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०८०/०१/२०**

